का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० जेठ २०८०,
शनिबार
3 June 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १२८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



**गेरूवस्त्रमा पूजा ।** भारत भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड मध्यप्रदेशको उज्वेनस्थित महाकालेश्वर मन्दिरमा पूजा गर्दै । साथमा अर्थमन्त्री डा.प्रकाशशरण महत, परराष्ट्रमन्त्री एनपी साउद, उर्जामन्त्री शक्ति बस्नेत, उद्योगमन्त्री रिमालगायत । *तस्बिर : एएनआई*

## बौद्ध घट्दा क्रिश्चियन र किराँत बढ्यो

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ जेठ ।

राष्ट्रिय जनगणना-२०७८ को धर्म, जाती र भाषा सम्बन्धी तथ्याङ्क शुक्रबार सार्वजनिक भएको छ । सार्वजनिक तथ्याङ्कअनुसार, हिन्दू धर्म मान्नेहरुको संख्या ८१.१९ प्रतिशत छ । यो अघिल्लो जनगणना भन्दा कम हो । २०६८ मा हिन्दू धर्म मान्नेहरु ८१.३ प्रतिशत थियो । दोस्रोमा बौद्ध धर्म छ । बौद्ध धर्म मान्ने जनसंख्या ८.२१ प्रतिशत छ । अघिल्लो गणनामा ९ प्रतिशत थियो ।

इस्लाम ५.०९, किराँत ३.१७, क्रिस्चियन १.७६, प्रकृति ०.३५, बोन ०.२३, जैन ०.०१ र शिख ०.०१ प्रतिशत छ । यसपटकको


> जनगणना-२०७८ को जाति, धर्म र भाषासम्बन्धी तथ्याङ्क शुक्रबार सार्वजनिक भएको छ । सार्वजनिक भएको तथ्याङ्कअनुसार, जनगणना-२०६८ मा सानोतिनो परिवर्तन देखिएको छ ।

गणनामा किराँत धर्म मान्नेको संख्या ०.०७ प्रतिशतले बढेको छ। अघिल्लो गणनामा ३.१ प्रतिशत थियो । त्यो भन्दा धेरै क्रिश्चियन मान्नेहरु बढेको छ। २०६८ मा १.४ प्रतिशत रहेकोमा यसपटक १.७६ प्रतिशत पुगेको छ।

जातीगत रुपमा सवैभन्दा धेरै क्षेत्र १६.४५ प्रतिशत छ। ब्राम्हाण ११.२९, मगर ६.९, थारु ६.२, तामाङ ५.६२, विश्वकर्मा ५.०४, मुसलमान ४.८६ प्रतिशत छ। नेवार ४.६, यादव ४.२१, राई २.२, परियार १.९४, गुरुङ १.८६, ठकुरी १.७, मजीर १.५५, तेली १.४८, लिम्बु १.४२, चमार/हरिजन/राम १.३५ र कोइरी/कुशवाहा १.२२ प्रतिशत छन्। बाँकी जाती एक प्रतिशत भन्दा कम छन्। सवैभन्दा थोरै जनसंख्या भएको जाती नुराङ ३६ जना छन् । त्यसपछि बंकरिया १८०, कुसुन्दा २५३, सुरेल ३१८, ल्होमी ३५५, वालुङ ४८१, राउटे ५६६ जना छन्। तोप्केगोला ६४२,

पृष्ठ २ मा

## आक्रोशित गगन मौन देउवा





**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ जेठ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीभित्र एकलौटीतन्त्र मच्याएको भन्दै गगन-शेखर पक्षधरहरु थप आक्रोशित हुन थालेका छन्। पार्टीको सिद्धान्तमै आँच आउनेगरि सभापति देउवाले गठबन्धन गर्ने देखि बहुमतलाई समेत अस्वीकार गरेको भन्दै नेताहरु आक्रोशित हुन थालेका छन् । अझ नेपाली कांग्रेसको महामन्त्री समेत रहेका गगन कुमार थापा प्रायः कार्यक्रममा देउवाकै आलोचना गरिरहेका हुन्छन् ।

'मैले अहिलेसम्म सहँदै आएँ, किनभने सभापति हो, बहुमत उहाँसँग छ भनेर सहेँ । नसहनुपर्ने कुरा सहेकाले अब म सहन्न भन्ने कुरा मैले बदल्ने हो' शुक्रबार राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन

> कांग्रेसभित्रकै किचलोका कारण मन्त्रिपरिषद् विस्तारमा समेत ढिलाइ भएको थियो । गत चैत १७ मा प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद विस्तार गर्दा कांग्रेसले ४ जनालाई मात्रै मन्त्री बनाएको थियो । कम्तीमा ३ मन्त्री आफूहरुले छान्न पाउनुपर्ने अडान कोइराला-थापा समूहले राखेपछि लामो समयसम्म मन्त्रीमण्डलले पूर्णता पाउन सकेको थिएन ।

गर्दै महामन्त्री थापाले भने। उनले रेशमको आममाफी, नागरिकता र सांसद विकास कोषजस्ता कैयौं विषयका सन्दर्भमा पार्टी नेतृत्वले आवाज नउठाएको भन्दै विद्रोह गर्ने चेतावनी समेत दिदैँ आएका छन्। थापाका पछिल्ल्ला भाषणहरु थप आक्रोशित बन्दै गएको विषयले कांग्रेसको बैठकमा समेत चर्चा पाउने गरेको छ । उनीमात्रै होईन, अर्थविज्ञका रुपमा रहेका डा. स्वर्णिम वाग्ले पनि पार्टी दाईभाउजुको कब्जामा रहेको भन्दै स्वतन्त्र पार्टीमा प्रवेश गरेका थिए ।

> मैले अहिलेसम्म सहँदै आएँ, किनभने सभापति हो, बहुमत उहाँसँग छ भनेर सहेँ । नसहनुपर्ने कुरा सहेकाले अब म सहन्न भन्ने कुरा मैले बदल्ने हो ।
>
> **गगन थापा**
> **महामन्त्री, नेपाली कांग्रेस**

त्यतिमात्रै होईन, कांग्रेसभित्रकै किचलोका कारण मन्त्रीपरिषद् विस्तारमा समेत ढिलाई भएको थियो । गत चैत १७ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद बिस्तार गर्दा कांग्रेसले ४ जनालाई मात्रै मन्त्री बनाएको थियो । कम्तीमा ३ मन्त्री आफूहरूले छान्न पाउनुपर्ने अडान कोइराला-थापा समूहले राखेपछि लामोसमयसम्म मन्त्रीमण्डले पूर्णता पाउन सकेको थिएन । तर, पटकपटकको छलफलपछि स्वास्थ्यसहितका ३ मन्त्रालयको टुंगो लागेको थियो । पार्टीको संसदीय दलको नेतामा समेत हस्तक्षेपकारी भूमिका खेलेको संस्थापनइतर समूहले सातै प्रदेशका संसदीय दलको चुनावमा पनि आफ्ना मान्छेलाई ल्याउने प्रयास गरेको थियो ।

'पार्टीभित्र आलोचना र विवाद हुनु लोकतन्त्रको विशेषता नै हो, तर सभापति नेपाली कांग्रेसको हित र संरक्षणका लागि नै काम गरिरहनुभएको छ, जतिबेलै गरिएको आलोचनाको औचित्य छैन,' कांग्रेसका नेता ज्ञानेन्द्र बहादुर कार्कीले भने । उनले सभापति देउवाले कांग्रेसलाई एक बनाएर अघि लैजाने विश्वास समेत व्यक्त गरेका छन् ।

तर, सभापति देउवा भने पार्टीको महाधिवेशनबाटै रक्षात्मक अवस्थामा पुगेक छन् । शेखर र थापा समूहले नेतृत्व कब्जा गर्ने आशंकाले मौन रहेका सभापति देउवाले हालसम्म पनि संस्थापनइतरको खुलेर विरोध गरेका छैनन् । बरु, संस्थापनइतरले कांग्रेसभित्र विद्रोह गर्नेभन्दै देउवाको चर्को आलोचना गर्दै आएका छन् । जसले गर्दा कतिपय निर्णयमा ढिलाई भएको छ भने पार्टीभित्रको नेतृत्व चयनमा पनि विवाद बढेको छ ।

## रणनीति बदल्दै एमाले



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ जेठ ।

प्रमुख प्रतिपक्षी नेकपा एमाले मिसन ग्रासरुट अभियान सकाएर त्यस अनुसार आन्तरिक रणनीतिलाई थप बलियोमा केन्द्रित भएको छ। यसका लागि जिम्मेवारी हेरफेरसम्मको निर्णयमा एमाले पुगेको छ ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय सचिवालयको बैठकले सबै उपाध्यक्ष र सचिवहरुको जिम्मेवारी फेरेको छ। उपमहासचिव पृथ्वीसुब्बा गुरुङलाई

पृष्ठ २ मा

### प्रदेशमा इन्चार्ज जिम्मा सचिवलाई

एमालेले सातै प्रदेशका इन्चार्जहरु तोकेको छ । सचिवालयको बैठकले सुदूरपश्चिम प्रदेशका इन्चार्जको रूपमा छविलाल विश्वकर्मा, कर्णाली प्रदेशको इन्चार्जको रुपमा लेखराज भट्ट, लुम्बिनी प्रदेशको इन्चार्जको रुपमा पद्मा अर्याल, गण्डकी प्रदेशको इन्चार्जको रुपमा गोकर्ण विष्ट, मधेस प्रदेश इन्चार्जको रूपमा योगेशकुमार भट्टराई र कोशी प्रदेश इन्चार्जको रुपमा रघुवीर महासेठलाई जिम्मेवारी दिएको हो ।

### 'नागरिकता विधेयक प्रमाणीकरण संसदको अपमान'

एमालेले यही जेठ १७ गते राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण भएको विषयमा पार्टी ध्यानाकर्षण भएको जनाएको छ । बैठकले नागरिकता विधेयक मन्त्रीपरिषद्बाट लगेर पास गर्नु नेपालको संविधान, प्रचलित कानून एवं स्थापित संसदीय मान्यताको विपरित भएको ठहर गरेको छ। उपमहासचिव प्रदीप ज्ञवालीले अघिल्लो संसदले पारित गरी प्रमाणीकरण गर्नका लागि पठाएको सवैधानिक समयसीमाभित्र प्रमाणीकरण नभएपछि नागरिकता विधेयक निष्क्रिय अवस्थामा पुगेको बताए ।

त्यस्तो विधेयकलाई ताजा निर्वाचन भएर नयाँ प्रतिनिधि सभा गठन भइसकेको अवस्थामा मन्त्रिपरिषद्ले विधेयक प्रमाणीकरणको सिफारिस गर्ने र राष्ट्रपतिबाट प्रमाणीकरण

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### दक्षिण अफ्रिकाको नाममा ठग गिरोह सक्रिय : विभाग

**काठमाडौं/रासस-** वैदेशिक रोजगार विभागले दक्षिण अफ्रिकामा आकर्षक जागिरको प्रलोभन देखाएर ठगी गर्ने गिरोह सक्रिय रहेको भन्दै त्यस्तो प्रलोभनमा नपर्न आग्रह गरको छ। विभागले एक सूचना प्रकाशित गरी आकर्षक सेवा सुविधासहितको पदमा काम लगाइदिने भन्दै त्यो गिरोहले नक्कली 'वर्क पर्मिट' बनाएर ठगी गर्ने गरेकाले प्रलोभनमा नपर्न आग्रह गरेको हो ।

विभागद्वारा प्रकाशित सूचनामा भनिएको छ, 'भारतमा रहेको दक्षिण अफ्रिकाको उच्चायुक्त र कन्सुलेट जनरलबाट जारी हुने पर्यटक भिसा दक्षिण अफ्रिका आउने प्रयोजनका लागि मात्र भएको हुँदा त्यस भिसाका आधारमा अफ्रिकामा रोजगारीजन्य काममा संलग्न हुन पाइँदैन ।'

मानव बेचबिखन तथा गैरकानूनी आप्रवासनमा संलग्न गिरोहले एक सय ५० भन्दाबढी व्यक्तिबाट लाखौँ रुपैयाँ संकलन गरिरहेको र सामाजिक सञ्जालमा भ्रमपूर्ण विज्ञापन गरिरहेकाले त्यो गिरोहले पर्यटक भिसामा पठाउने र त्यहाँ पुगेपछि काम लगाइदिने प्रलोभन दिने गरेको तथा पर्यटक भिसामा गएर कुनै पनि किसिमको रोजगारमा संलग्न हुने कार्यलाई गैरकानूनी मानिने विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदीले जानकारी दिए।

उनका अनुसार दक्षिण अफ्रिकाले दक्ष जनशक्तिका लागि बाहिरी देशबाट श्रमिक ल्याउँदैन । दक्षिण अफ्रिकाको सरकारी राजपत्रमा २ अगस्ट २०२२ मा प्रकाशित

पृष्ठ २ मा

### गन्तव्य मुलुकमा पनि अभिमुखीकरण आवश्यक : पौरखी नेपाल

काठमाडौं/रासस- पौरखी नेपालले वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि सम्बन्धित मुलुकमा पुगेपछि पनि अभिमुखीकरण कार्यक्रम आवश्यक रहेको जनाएको छ। उक्त संस्थाद्वारा शुक्रबार आयोजित 'वैदेशिक रोजगारमा जाने श्रमिक र प्रवासी महिला श्रमिकको स्वास्थ्य तथा एचआइभीबाट प्रभावितका सन्दर्भमा नेपालको विद्यमान कानून, नीति, कार्यक्रम तथा तिनमा गर्नुपर्ने सुधारसम्बन्धी' अन्तरक्रिया कार्यक्रमका सहभागीले अभिमुखीकरण कार्यक्रम गरिनुपर्नेमा जोड दिएका हुन् ।

पृष्ठ २ मा

**नक्कली शरणार्थी प्रकरण**

## आइतबारदेखि थुनछेक बहस

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १९ जेठ ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणमा संलग्न भएको आरोपमा पक्राउ परेका १८ जनाको बयान सकिएको छ। शुक्रबार तीन जनाको बयान सकिएसँगै पक्राउ परेका १८ जनै अभियुक्तको बयान सकिएको हो ।

शुक्रबार पूर्वगृहमन्त्री बालकृष्ण खाण, भुटानी अधिकारवादी नेता टेकनाथ रिजाल र गिरोहका सदस्य हरिभक्त महर्जनसँग बयान लिइएको हो। पक्राउ परेका सबै अभियुक्तको बयान सकिएसँगै आइतबारबाट थुनछेक बहस सुरु हुने जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख अच्युतमणि नेउपानेले जानकारी दिए ।

सबै अभियुक्तको बयान जिल्ला अदालत काठमाडौंका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा भएको हो । आइतबारबाट उनकै इजलासमा थुनछेक बहस सुरु हुनेछ। यो प्रकरणका १२ जना प्रतिवादी अझै फरार छन् ।



प्रतिवादी बनाइएकामध्ये केशव तुलाधार, अशोक पोखरेल, धिरेन राई, दीपाञ्जली हुमागाईं, निरज राई, प्रतीक थापा, राजेश अर्याल,

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

२० जेठ २०८०, शनिबार
3 June 2023, Saturday

# सुदूरपश्चिम प्रदेशस्तरीय नीति संवाद तथा युवा महोत्सव सम्पन्न

**मध्यान्ह संवाददाता**
धनगढी, १९ जेठ



सुदूरपश्चिम प्रदेशस्तरीय नीति संवाद तथा युवा महोत्सव सम्पन्न भएको छ । 'समुन्नत सुदूरपश्चिम प्रदेशका लागि साझा अठोट' भन्ने मुल नाराका साथ जेठ १४ गतेदेखि जेठ १५ गतेसम्म नीति संवाद तथा युवा महोत्सव आयोजना गरिएको हो ।

उक्त कार्यक्रममा युवा उद्यमशिलता, सुरक्षित वैदेशिक रोजगारी, सीप तथा अवसर, गलत वा मिथ्या सूचना, दुष्प्रचार तथा घृणास्पद अभिव्यक्ति, सार्वजनिक शिक्षामा लगानी वृद्धिको आवश्यकता, यौन तथा प्रजनन् स्वास्थ्यबारे विज्ञहरुद्वारा अभिमुखीकरण गरिएको थियो । कार्यक्रममा युवाको क्षमता अभिवृद्धि र राष्ट्र निर्माणको मुल प्रवाहीकरणमा उनीहरुलाई समाहित गर्नुपर्ने माग राखेर सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाबाट उपस्थित १ सय ३० युवाहरुको सक्रियतामा तयार भएको २१ बुँदे धनगढी घोषणापत्र जारी गरिएको थियो ।

घोषणापत्रमा युवाको संस्थागतरुपमा नै समग्र विकासका निमित्त उचित व्यवस्था गर्न, यसका लागि प्रदेश युवा परिषद् तथा स्थानीय तहमा पालिकास्तरीय युवा परिषद्को गठन गर्न, प्रदेशका सिमान्तकृत समुदायमा मुस्लिम, मुक्त कमैया, मुक्त कम्लहरी र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने युवा लक्षित गर्दै उच्च शिक्षा तथा प्राविधिक शिक्षाको निःशुल्क व्यवस्था गरेर रोजगारीको सुनिश्चितता गर्न, सार्वजनिक शिक्षामा लगानी वृद्धि, गलत वा मिथ्या सूचना, दुष्प्रचार तथा घृणास्पद अभिव्यक्तिको सिकार रोक्न, बढ्दो आधुनिकीकरणसँगै युवामा बढेको कुलतको जोखिम न्यून गर्नलगायतका माग गरिएको छ ।

उक्त घोषणापत्र युवालयका अध्यक्ष सन्तोष महर्जन, गैर सरकारी संस्था महासंघ नेपालका केन्द्रीय सदस्य किरण थापा तथा 'बालिका दुलही हैनन्'का अध्यक्ष निरीजना भट्टले संयुक्तरुपमा एक कार्यक्रमका बीच सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलाई हस्तान्तरण गरेका थिए । घोषणापत्र ग्रहण गर्दै मुख्यमन्त्री शाहले वास्तविकताका आधारमा युवावर्गलाई समेट्दै सन्देश दिने खालको रोजगारी सिर्जना गर्ने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सुदूरपश्चित प्रदेशका सामाजिक विकास मन्त्री झपटबहादुर साउदको प्रमुख आतिथ्यतामा उद्घाटन भएको उक्त कार्यक्रमको समापन सुदूरपश्चिम प्रदेशका उद्योग, पर्यटन तथा वातावरण मन्त्री रमेश सिंह धामीको प्रमुख आतिथ्यतामा भएको थियो ।


## QATAR र SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXPANSION INTERNATIONAL CONTRACTING WLL — शहर : DOHA
पूर्व स्वीकृत मिति:२०८०/०२/१९ — चलानी नं.: ६०२०२४४४ — LT. No.: 287075

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tile maker | 5 | 0 | | 1200 | ४३,३३२ | | | | | | | |
| 3. | Building Worker | 7 | 0 | | 1000 | ३६,११० | | | | | | | |
| 4. | Mason | 4 | 0 | | 1200 | ४३,३३२ | | | | | | | |
| 5. | Plumber | 1 | 0 | | 1200 | ४३,३३२ | | | | | | | |
| 6. | Accountant Executive (Female) | 0 | 1 | | 3000 | १०८,३३० | | | | | | | |
| 7. | Executives Sales (Female) | 0 | 1 | | 3000 | १०८,३३० | | | | | | | |
| 8. | Male Nurse | 1 | 0 | | 4000 | १४४,४४० | | | | | | | |

कम्पनी : A BEAUTIFUL COMMERCIAL ESTABLISHMENT FOR ITS OWNER, ABDUL RAHMAN AL-KHAMIS
पूर्व स्वीकृत मिति: २०८०/०२/१९ — चलानी नं.: ६०२०२४४७ — LT. No.: 287053 — शहर : Riyadh

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Agent | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ २८ गते (11 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

लिभरपुल एच. आर. शोलुशन प्रा. लि.
Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851013724, 9851149144
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५


# सहिद नारायण पोखरेल क्याम्पसका विद्यार्थीहरु सम्मानित

**मध्यान्ह संवाददाता**
सैनामैना, १९ जेठ



रुपन्देहीको सैनामैना नगरपालिका वडा नं ६ मा रहेको सहिद नारायण पोखरेल रामापुर क्याम्पसमा पुरस्कार वितरण तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

क्याम्पसमा सञ्चालन भएको बीएड र बीबीएस प्रथम, दोस्रो र तेस्रो वर्षको आन्तरिक परीक्षामा प्रथम द्वितीय र तृतीय स्थान हासिल गरेका विद्यार्थीहरुलाई पुरस्कृत गरिएको हो भने चौथो वर्षमा प्रोजेक्ट वर्क अन्तर्गत ऐच्छिक नेपाली, अँग्रेजी विषय र बीबीएसको प्रोजेक्ट वर्कतर्फ आफ्नो शीर्षकमा अनुसन्धान गरी प्रतिवेदन लेखनमा विविध तवरले उत्कृष्ट ठहरिएका विद्यार्थीलाई नगदसहित सम्मान गरिएको हो ।

आफूले रोजेको शीर्षकमा अनुसन्धान गरी उत्कृष्ट हुन सफल बीएड नेपालीबाट भाषिक अनुसन्धानतर्फ प्रदिप ज्ञवाली र सरिता पोखेल, अंग्रेजीतर्फ शंकर थापा र राधा चौधरी तथा बीबीएसतर्फबाट यादव भट्टराई र गीता सारुलाई सम्मान गरिएको हो ।

सम्मान कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवम् क्याम्पस सञ्चालक समितिका अध्यक्ष बालकृष्ण गैरेले क्याम्पसका विद्यार्थीहरु उत्कृष्ट रहेको भए पनि आफ्नो नतिजा सुधार गर्दै उत्कृष्ट बन्न सधैं अग्रसर हुनुपर्ने बताए । क्याम्पसका पूर्वक्याम्पस प्रमुख एवम् अनुसन्धान विभागका प्रमुख दिनेश पन्थीले विद्यार्थीहरुमा अझ निखारता ल्याउन अभ्यासको आवश्यकता रहेको बताए । यस्तै क्याम्पस प्रमुख एवम् कार्यक्रमका अध्यक्षसमेत रहेका हेमबहादुर थापाले विद्यार्थीको क्षमता प्रस्फुटनका लागि क्याम्पस प्रशासन दत्तचित्त भएर लागेको बताए ।

कार्यक्रम क्याम्पस प्रमुख हेमबहादुर थापाको अध्यक्षता, क्याम्पस सञ्चालन समितिका अध्यक्ष गैरेको प्रमुख आतिथ्यता एवम् प्राध्यापक, सहप्राध्यापक, स्ववियु पदाधिकारी एवम् विद्यार्थीहरुको आतिथ्यतामा कार्यक्रम भएको हो । क्याम्पसको हलमा भएको कार्यक्रम सहप्राध्यापक प्रकाश आचार्यको स्वागत एवं ओमप्रकाश पौडेलको सञ्चालनमा सम्पन्न भएको हो ।


मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८०/०२/०३ गते
दोस्रो पटक प्रकाशित मिति: २०८०/०२/२० गते

यस मोहन्याल गाउँ कार्यपालिकाको कार्यालयका लागि यस आर्थिक वर्षमा अति आवश्यक सवारी साधन Double Cab Pickup Jeep थान १ (एक) खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड (क) को (८) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) मा भएको व्यवस्था बमोजिम नवीकरण भएको इजाजतपत्र, आयकर, मु.अ.कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि समेत राखि इजाजत प्राप्त सवारी साधन उत्पादक वा अधिकृत बिक्रेताद्वारा उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी ७ (सात) दिनभित्र आवश्यक प्रमाण कागजात सहितको शिलबन्दी आर्थिक तथा प्राविधिक प्रास्ताव रितपूर्वक यस कार्यालयमा पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि यस कार्यालयको Website: https://mohanyalmun.gov.np हेर्न हुन वा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत


# ट्याक्टर दुर्घटनामा एक जनाको मुत्यु

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १९ जेठ

जुम्लामा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मुत्यु भएको छ । तातोपानी गाउँपालिका वडा नम्बर ६ स्थित रावतबाडाको चिलिम दाण भन्ने ठाउँमा लु४त ७९४८नम्बरको ट्याक्टर दुर्घटना भएको हो । दुर्घटनामा तिला गाउँपालिका वडा नं. ५ चुलाकोटका अन्दाजी १६ वर्षीय विकास सुनारको मुत्यु भएको हान्कु लाम्रा प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक राजेन्द्र गिरीले जानकारी दिए । ट्याक्टरका चालक भने फरार रहेका छन् ।

मृतक सुनार सहचालक हुन् । ट्याक्टर करिब ५० मिटर तल खोलामा खसेको प्रहरीले जनाएको छ । शवलाई पोष्टमाटमका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा राखिएको छ ।

**बौद्ध...**

कोचे ८४७, फ्री ९२१ र ल्होफा ९३१ जना छन् । भाषागत रुपमा सवैभन्दा धेरैले नेपाली बोल्ने तथ्याङ्क सार्वजनिक भएको छ । २०७८ को जनगणना अनुसार, २ करोड ९१ लाख ६४ हजार ४५७ जनामा नेपाली भाषा बोल्नेको संख्या ४४.८६ प्रतिशत रहेको छ । दोस्रोमा मैथिली भाषा बोल्नेको संख्या धेरै छ । मैथिली भाषा बोल्नेको प्रतिशत ११.५ छ । भोजपुरी ६.२४, थारु ५.८८, तामाङ ४.८८, बजिका ३.८९, अवधि २.९६, नेवारी २.९६ र मगर भाषा बोल्ने २.७८ प्रतिशत छन् ।

**रणनीति...**

प्रचार विभाग प्रमुखबाट संसदीय मामिला विभाग प्रमुखको जिम्मेवारी दिइएको छ ।

प्रचार प्रभाग प्रमुखको जिम्मेवारी राजेन्द्र गौतमलाई दिइएको छ । यसअघि संगठन विभाग प्रमुख रहेका खगराज अधिकारीको ठाउँमा काशिनाथ अधिकारीलाई ल्याइएको छ । अधिकारीलाई भने सहरी विकास विभाग प्रमुख दिइएको छ ।

यसैगरी, योजना र नीतिसँग जोडिएको विभागको नेतृत्व ईश्वर पोखरेल, पूर्वाधार निर्माण र विकाससँग जोडिएको विभागको नेतृत्व सुरेन्द्र पाण्डे, कृषि तथा उद्यम रामबहादुर थापा, सामाजिक विकाससँग सम्बन्धित अष्टलक्ष्मी शाक्य, मानव स्रोतसँग सम्बन्धित विभाग युवराज ज्ञवाली, सुशासन र सेवा प्रवाहसँग जोडिएको विभाग सुवासचन्द्र नेम्वाङ र संगठन प्रशिक्षणसँग जोडिएको विभागको नेतृत्व विष्णुप्रसाद पौडेलले गर्ने गरी जिम्मेवारी तोकिएको छ । गत फागुन ५ देखि सुरु भएर चैत मसान्तमा सकिएको एमालेको मिसन ग्रासरुट अभियान ७ सय ५३ पालिकामा पुगेको थियो । दुई महिने मिसन ग्रासरुट अभियान सकाएर राष्ट्रिय राजनीतिमा केन्द्रित भएको एमाले आन्तरिक रणनीतिलाई थप बलियो र शसक्त बनाउने ध्याउन्नमा छ । यसका लागि एमालेले जिम्मेवारी हेरफेरसम्मकै नीति लिएको छ ।

**नागरिकता...**

हुनु संसदको अपमान भएको उनले बताए । उनले सरकारको यस कदमले संसदको विशेषाधिकारको हनन भएको र पार्टीले यस कदमको देशभर विरोध गर्ने बताए ।

**नक्कली...**

मोहनराज राई, आशषि बुढाथोकी, बिनिता सामदेव लिम्बु, निरन्जरकुमार खरेल र सुनिल बुढाथोकी फरार छन् । मुद्दा भने पक्राउ परेपछि अघि बढ्ने प्रहरीले जनाएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणसम्बन्धी मुद्दाको थुनछेक बहसमा सरकारी वकिलका तर्फबाट ४ जनाले बहस गर्ने तयारी गरेका छन् । । प्रतिवादीका तर्फबाट करिब ५० जना कानून व्यवसायीले बहसका लागि वकालतनामा दिने तयारी गरेका छन् । ३० प्रतिवादी भएको र पक्राउ परेका अधिकांश व्यक्तिहरुले २ भन्दा धेरै कानून व्यवसायी राख्ने तयारी गरेकाले थुनछेक बहस केही दिन लम्बिने सम्भावना रहेको जिल्ला अदालतले जनाएको छ । थुनछेक बहसपछि मुद्दाको पुर्पक्षका लागि थुनामा पठाउने वा धरौटीमा रिहा गर्ने अदालतले निर्णय गर्नेछ । अदालतले धरौटीमा रिहा गर्ने आदेश गरेमा तोकिएको धरौटी भरेर छुट्नेछन् भने थुनामा पठायो भने फैसला नभएसम्मका लागि थुनामा रहनुपर्नेछ ।

**दक्षिण...**

सूचनाअनुसार विशेष ज्ञान, सीप आवश्यकपर्ने एक सय ४० किसिमका दक्ष जनशक्तिको पदमा स्वदेशी नागरिकबाट पदपूर्ति नहुने अवस्थामा मात्र विदेशी नागरिकलाई रोजगारीमा लैजाने कानूनी व्यवस्था छ । ती पदका लागि जाँदा पनि नेपाल सरकारको प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जानुपर्ने हुन्छ ।

कुनै पनि देश जानका लागि सम्बन्धित देशको भिसा आवश्यकपर्ने हुँदा दक्षिण अफ्रिकाबाट युरोप, अमेरिकालगायतका देशमा जान सजिलो हुने कुरा भ्रामक र मिथ्या भएकाले त्यस्ता कुराको विश्वास नगर्न पनि विभागद्वारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ । भिसासम्बन्धी जानकारीका लागि सम्बन्धित देशको नियोग वा ती देश हेर्ने विदेशमा रहेको नेपाली नियोगमा सम्पर्क गरी आधिकारिक जानकारी लिन सकिने निर्देशक तथा सूचना अधिकारी सुवेदीले बताए ।

**गन्तव्य...**

कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष मञ्जु गुरुङले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य अवस्था तथा उनीहरुका लागि सम्बन्धित मुलुकको विद्यमान कानूनी व्यवस्थाबारे सचेतना गराउन जरुरी रहेको बताइन् । गन्तव्य मुलुकको कार्यप्रकृति, स्वास्थ्यमा देखा पर्ने समस्या र समाधानका उपायका बारेमा अवगत हुनुपर्ने भएकाले रोजगारपूर्व श्रमिकलाई अभिमुखीकरण तालिम खाँचो पर्ने उनको भनाइ थियो । पत्रकार सुनिल न्यौपानेले वैदेशिक रोजगारमा जाने श्रमिकका लागि नेपालमा भइरहेका व्यवस्था, त्यहाँ गर्नपर्ने काम, रणनीतिक योजनालगायत विषयमा चर्चा गरे ।

कार्यक्रममा वैदेशिक रोजगारीमा पुगेका श्रमिकमा देखापर्नसक्ने मानसिक अवस्थाको जाँच गराउनुपर्ने, सुरक्षित आप्रवासीसम्बन्धी कार्यविधि ठाउँअनुसार फरक-फरक हुनुपर्ने, स्वदेश फर्केका श्रमिकको स्वास्थ्य परीक्षणका लागि केन्द्र सरकारले प्रदेश र स्थानीय तहसँग समन्वयन गरी व्यवस्था मिलाउनु पर्नेलगायत विषयमा छलफल भएको थियो । त्यस्तै नेपालमा एचआइभी एड्स संक्रमणको सबैभन्दा जोखिमा दोस्रो वर्ग अर्थात् प्रवासी श्रमिक वा तिनका श्रीमती हुने भएकाले सोसम्बन्धी रणनीतिक योजना प्रभावकारीरुपमा कार्यान्वयन गर्नपर्ने, पोषणयुक्त खानाको अभावले श्रमिक महिलाको प्रजनन् स्वास्थ्यमा देखापर्ने समस्या, वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकको मृत्यु हुनाको कारण तथा गन्तव्य मुलुकमा सामाजिक सुरक्षासम्बन्धी भएका व्यवस्थाबारे कार्यक्रममा समावेश हुनुपर्नेलगायत विषयमाथि छलफल भएको थियो ।


बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२०

यस कार्यालयको चालु आ.व. २०७९ / ०८० मा तपसिल बमोजिमको कार्यक्रम अन्तर्गत ५०/५० को साझेदारीमा कृषि उपकरण खरिद तथा वितरण गर्ने कार्यक्रम अनुसार सामग्री आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक रजिस्टर्ड कम्पनी / फर्म तथा सप्लायर्सहरुबाट सामान आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर देहाय बमोजिम शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

तपशिल :

| विवरण | लागत अनुमान रकम (मु.अ.क. समेत) (रु.) | धरौटी रकम (रु.) | दरभाउपत्र दस्तुर (रु.) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| ५०/५० को साझेदारीमा कृषि उपकरण खरिद तथा वितरण | १९,६५,५०३।६४ | ५८,०००/- | १,०००।- | २०८०/०३/०३ गते दिनको १२ बजे | २०८०/०३/०३ गते दिनको २ बजे |

शर्तहरु :

१) शिलबन्दी दरभाउपत्रको माथी उल्लेख गरिए बमोजिमको दस्तुर तिरी प्राप्त गरेको रसिद, आ.व. २०७९/०८० का लागि नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.क. मा दर्ता भएको प्रमाण पत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र निवेदन साथ संलग्न राखि यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२) शिलबन्दी दरभाउपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी आपूर्तिकर्ताको नाम, ठेगाना, कामको विवरण र फोन नं. स्पष्ट उल्लेख गरि फर्मको छाप लगाई लाहाछापद्वारा शिलबन्दी गरि शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।
३) यस कार्यालयबाट बिक्री नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र शिलबन्दी दरभाउपत्रको व्यहोरा फरक परेको, शिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कार्बाही गरिने छैन ।
४) शिलबन्दी दरभाउपत्र दाताले धरौटी वापतको रकम यस कार्यालयको नाममा माछापुच्छे बैंक लि. राजगढको धरौटी खाता नं. ०८३००८७०५०००००६२ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त 'क' वर्गको बैंकबाट जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको जमानत (विडवण्ड) पेश गर्नुपर्नेछ ।
५) शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन शिलबन्दी दरभाउपत्र दाखिला गर्न र खोल्न सकिनेछ ।
६) पेश भएको शिलबन्दी दरभाउपत्र कबोल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
७) पेश भएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयसँग सुरक्षित रहनेछ ।
८) खरिद गरिने सामग्री तोकिएको स्पेसिफिकेशन अनुसार गर्नु पर्नेछ । यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।
९) यस सम्बन्धी थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# कर्णाली करिडोर निर्माणको जिम्मा पूर्णरुपमा सेनालाई दिन माग

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १९ जेठ

हुम्लाका स्थानीयले कर्णाली करिडोर निर्माणको पूरै जिम्मा नेपाली सेनालाई दिन माग गरेका छन् । हाल कर्णाली करिडोर अन्तर्गत पर्ने विभिन्न ठाउँमा नेपाली सेनाले सडक निर्माण गरेको छ ।



सेनाले निर्माण गरेको सडक स्तरीय भएको र अन्य ठेक्कबाट बनाइएका सडक स्तरीय नभएको भन्दै स्थानीयले करिडो निर्माणको जिम्मा पूर्णरुपमा सेनालाई दिन माग गरेका हुन् ।

सेनाले बनाएको सडक र ठेक्काबाट बनेको सडक ७५ प्रतिशत फरक देखिएको स्थानीयहरु बताउँछन् । सेनाले बनाएको हुम्लाको सलिसल्लादेखि सिमकोट सदरमुकामसम्मको सडक स्तरीय रहेको स्थानीयहरुले बताएका छन् ।यता सलिसल्लादेखि खार्पुसम्म विभिन्न ठेक्काबाट बनेको सडकमा गाडी सञ्चालनमा नआएपनि पैदल यात्रु र सामान ढुवानी गर्ने खच्चडलाई समेत हिँड्न मुस्किल रहेको सामान ढुवानीकर्ता हर्कधन बुढा बताउँछन् । तर सलिसल्लादेखि सिमकोटसम्म सेनाले बनाएको सडकमा आरामले यात्रा गर्न सकिने बुढाले बताए । उक्त सडक ८ देखि १० मिटरसम्म फराकिलो भएको उनले बताए ।

ठेक्काबाट बनेको सडक स्तरीय नभएको र बीच बीचमा पहिरो गएर सडक बेहाल भएको उनको भनाइ छ । सोही कारण कर्णाली करिडोर निर्माणको जिम्मा पूर्णरुपमा सेनालाई दिन उपयुक्त हुने उनले बताए ।

ठेक्काबाट बनेका सडक स्तरीय नहुनुमा निर्माणमा भन्दा पनि पैसा बचाउनतर्फ ठेकेदार केन्द्रित देखिएको स्थानीय गोर्ख रोकायको भनाइ छ । रोकायाले यस किसिमका ठेक्काबाट हुम्लाको सदरमुकामसम्म सडक पुग्न अझै तीनदेखि चार वर्षसम्म लाग्ने देखिएको बताए ।

स्थानीय ज्ञानबहादुर रोकायाले हुम्लामा कर्णाली करिडोर जोड्नका लागि नेपाली सेनालाई जिम्म दिए निर्माण कार्य छिटो र स्तरीयरुपमा सम्पन्न हुने बताए । ठेक्काबाट म्याद थप मात्र हुने र दुई वर्षको सम्झौता गरिएको सडक ५ वर्ष बित्दा पनि पूरा नहुने समस्या देखिएको उनले बताए। यसमा संघ, प्रदेश तथा स्थानीय सरकारले समयमै ध्यान दिए सदरमुकामसम्म सडक पुग्न करिब एक वर्षमात्र लाग्ने अनुमान गरिएको छ ।

# अत्यधिक गर्मी बढेपछि रौतहटका विद्यालय एक साता बिदा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ जेठ




रौतहटमा अत्यधिक गर्मी बढेसँगै शिक्षा विकास तथा समन्वय इकाइ रौतहटले १८ वटै नगर कार्यपालिकाको कार्यालय र यमुनामाई तथा दुर्गा भगवती गाउँ कार्यपालिकाको कार्यालयलाई एक साताका लागि विद्यालयमा विदा दिन अनुरोध गरेको छ ।

बिहीबार शिक्षा विकास तथा समन्वय इकाइले सबै नगरपालिका तथा गाउँपालिकालाई पत्र पठाउँदै अत्यधिक गर्मीका कारण विद्यालयको पठनपाठनमा प्रतिकुल असर परिरहेको र कतिपय बालबालिका गर्मीले मुर्छितसमेत पर्ने भएकोले वर्षे बिदाबाट कट्टा हुने गरी एक साता विद्यालयहरुमा गर्मी बिदा दिन अनुरोध गरेको इकाइ प्रमुख रामविनय सिंहले जानकारी दिए ।

यसैबीच अत्यधिक गर्मी बढेपछि रौतहटको चन्द्रपुर नगरपालिकाले विद्यालयमा बिदा दिइसकेको छ । आगामी जेठ २४ गतेसम्म पालिकाभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु बन्द रहने चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जय काफ्लेले जानकारी दिए ।

यस्तै गौर नगरपालिका र यमुनामाई गाउँपालिकाले पनि पालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा एक साता बिदा दिने निर्णय गरिसकेको छ । पछिल्लो एक सातादेखि ह्वात्तै गर्मी बढेपछि तातो हावाका कारण रौतहटको जनजीवन प्रभावित बनेको छ ।

# सडक स्तरोन्नति नहुँदा सवारी दुर्घटनाको जोखिम

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १९ जेठ



रुकुम पश्चिमका सडकहरु स्तरोन्नति हुन नसक्दा सवारी दुर्घटनाको जोखिम बढेको छ। तीन नगरपालिका र तीन गाउँपालिका रहेको रुकुम पश्चिमका केही सडकहरु मात्र पिच भएका छन् ।

बाँकी सडक स्तरोन्नतिमा स्थानीय सरकारले बेवास्ता गर्दा सवारी दुर्घटनाको जोखिम बढेको त्रिवेणी गाउँपालिकाका स्थानीय कुवेर ओली बताउँछन् । स्थानीय सरकार बनेदेखि नै विकास निर्माणका काम हुँदै आएपनि अहिलेसम्म रुकुम पश्चिमका तीन प्रतिशत सडक पनि पिच हुन नसकेको तथ्यांक छ ।

विशेषगरी सडक दुर्घटना हुनुको कारण सडक स्तरोन्नति नहुनु र समयमा गाडी मर्मत नगर्नु रहेको चौरजहारी-९ की स्थानीय कविता पाण्डे बताउँछिन् । सडक दुर्घटना न्यूनकरण गर्न स्थानीय सरकारले सडक स्तरोन्नतिमा ध्यान दिन जरुरी रहेको उनको भनाइ छ।

यस्तै सवारी चालक सचेत नबन्दा पनि सडक दुर्घटना हुने गरेको उनले बताइन्। मादक पदार्थ सेवन गरेर, फोनमा कुरा गर्दै गाडी चलाउँदा पनि दुर्घटना हुने गरेकाले सवारी चालक पनि सचेत हुन आवश्यक रहेको उनको भनाइ छ।

# विद्यार्थीहरुलाई क्षयरोगसम्बन्धी अभिमुखीकरण

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १९ जेठ

नेपाल क्षयरोग निवारण संस्था बाँके शाखाको आयोजनामा नेपालगन्जमा विद्यार्थीहरुका लागि अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ ।

नेपालगन्ज उपमहानगरपालिका वडा नं.४ गणेशपुरस्थित एविसी रेजिडेन्सी सेकण्डरी स्कुलमा कक्षा १० का विद्यार्थीहरुका लागि उक्त गोष्ठी आयोजना गरेको हो । गोष्ठीको पहिलो चरणमा नेपाल क्षयरोग निवारण संस्था बाँकेका पूर्वअध्यक्ष पूर्णलाल चुकेले नेपालकै दोस्रो जेठो सामाजिक संस्थाको रुपमा २०११ सालमा दर्ता भएको उक्त संस्थाको केन्द्रीय कार्यालय र बाँके जिल्ला शाखाको परिचय, ऐतिहासिक पृष्ठभूमिको बारेमा चर्चा गर्दै क्रियाकलापहरुको बारेमा आफ्नो प्रस्तुती दिएका थिए ।

२०३२ सालमा बाँके जिल्लामा स्थापना गरिएको उक्त संस्थाले क्षयरोग सम्बन्धी विभिन्न किसिमका प्रतिकारात्मक, उपचारात्मक सेवा उपलब्ध गराउँदै क्षयरोगविरुद्ध जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको चुकेले बताए । गोष्ठीको दोस्रो चरणमा संस्थाका केन्द्रीय सदस्य सेमराज शाक्यले क्षयरोगको परिचय, लक्षण, रोग लाग्न नदिने उपाय, रोग लागेपछि यसबाट बच्ने उपायहरुका बारेमा चर्चा गरेका थिए ।

पहिले क्षयरोगलाई महामारी रोगको रुपमा लिएपनि अहिले नियमित औषधी सेवन गरेमा रोग सदाका लागि निको हुने उनले बताए । शाखाका सभापति बदरुद्दीन अन्सारीको अध्यक्षतामा सम्पन्न सो गोष्ठीमा विद्यालयका ३६ जना छात्रछात्रा तथा शिक्षक शिक्षिकाहरुको सहभागिता रहेको थियो । सो अवसरमा नेपाल क्षयरोग निवारण संस्था बाँकेका सहसचिव रचना श्रेष्ठ, सदस्यहरु सुन्दरलाल शाक्य, ज्ञानु श्रेष्ठ, जनकराम भण्डारी, पवन जायसवाल तथा विद्यालयका संस्थापक राजु ज्ञवाली, शिक्षिका ज्याति वैश्य, शिक्षिका विन्दू शर्मा, शिक्षक गिरिश चन्द्र वर्मा लगायतको सहभागिता रहेको थियो ।


## बिमालेख हराएको सुचना

२०७९/११/१४ गते रामेछाप बाट काठमाण्डौ जाँदा मेरो NLIC को निम्न व्यहोरा भएको बिमा लेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

**नाम : निरन्जन दाहाल**
**बिमालेख नं १०७०२९००७**
**ठेगाना: मन्थली-८, रामेछाप**
**मोबाइल नं: ९८४००९९९९**

## वीमालेख हरायो ।

यस कम्पनिले जारी गरेको कुसुम अधिकारीको वीमालृख नं. ५११३००२७०३५ को वीमालेख मिति ०७९/१०/२५ गते सामाखुसी देखी वसुन्धारा सम्म जाँदा हरायको हुदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखीत ठेगानामा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

**एसीयन लाइफ इन्सोरेन्स, काठमाडौं शाखा कार्यालय ।**
**सम्पर्क नं. ९८५११२७०१०**


पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल


## बोलपत्र स्वीकृत गर्ने आसयको सुचना

**प्रकाशित मिति : २०८०/०२/२०**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सुचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आसयको सुचना प्रकाशित गरिएको छ |

| IFB NO. | Description of work | बोलपत्रदाता | कबोल रकम (VAT र PS बाहेक) |
|---|---|---|---|
| PMUN/NCB/GOODS/ **02/2079/080** | SUPPLY AND DELIVERY OF POWER CHAFF CUTTER AND SUBMERSIBLE PUMP | KWALITY SOLUTION COMPANY PRIVATE LIMITED, BAGDOL, LALITPUR | 33,37,770.00/- |

# गरुडामा विद्यालय भवनको शिलान्यास



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १९ जेठ

रौतहटको गरुडा नगरपालिका वडा नं ९ सिसवा धमौरा टोलमा विद्यालय भवनको शिलान्यास गरिएको छ । शहीद लालबाबु दास प्राथमिक विद्यालयको दुई कोठे भवनको नगरप्रमुख कन्तमणि प्रसाद जयसवालले शिलान्यास गरेका हुन् ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत २२ लाख ५० हजार रुपैयाँको लागतमा उक्त विद्यालय भवन निर्माण हुन लागेको हो ।

सो क्रममा नगरप्रमुख जयसवालले बजेटमा भवन निर्माणसँगै विद्यालयमा देखिएको डेस्क बेन्च तथा शिक्षक अभावलगायतको विषयमा नगरपालिका गम्भीर रहेको बताए । नगरप्रमुख जयसवालले भौतिक पूर्वाधार विकाससँगै शैक्षिक गुणस्तर वृद्धि गराउनसमेत नगरपालिकाको शसक्त भूमिका रहने बताए ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

## वैदेशिक रोजगार विभागको सूचना

**सूचना प्रकाशित मिति :२०८०/०२/२०**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री **CHERISH OVERSEAS PVT. LTD. (ई.प.नं. १३०४/०७४/०७५)**, तपसिल बमोजिमका सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु तपसिल बमोजिमका खरिदकर्तालाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. श्री इवलाल बसेल (कि.नं.०१–३००००) | १. श्री श्रृजना राई (कि.नं. ०१–३००००) |


WE ARE HIRING

APPLY NOW!

**GENERAL MANAGER** **1 Nos**

Education : *Minimum Bachelor Degree.*

Qualifications:

1. *Minimum 7 years' experience in the international IT industry.*
2. *Good knowledge on IT business and team management.*
3. *Proficient in Sinhala and English language*

***Responsibilities** include overseeing all aspects of the company's operations, developing and implementing business strategies, managing teams, establishing relationships with key stakeholders, and ensuring that the company's products and services meet customer needs.*

Interested candidates are requested to mail their updated CV and documents at
***simpson@techoneglobal.com***

**Salary : Negotiable** **Deadline: 12 June 2023**

**TECH ONE GLOBAL NEPAL PVT. LTD.**
Bishalnagar, Kathmandu, Nepal, Phone : 01-4414610


वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजस्व व्यवस्थापन महाशाखा
वीरगंज, पर्सा
मधेश प्रदेश (नेपाल)

## सूचना

**(प्रकाशित मिति: २०८०/०२/१९ गते)**

यस कार्यालयबाट मिति २०७९/१२/०१ मा तपसिलमा उल्लेखित आन्तरीक आय शिर्षक अन्तर्गत शुल्क संकलन कार्य ठेक्कामा लगाउन राष्ट्रियस्तरको पत्रिका जनसवाल दैनिकमा ३० दिने सूचना प्रकाशित गरी शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएकोमा रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु खोल्दा दर्ता हुनआएका बोलपत्रहरु मध्ये सवैभन्दा उच्चतम ठेक्का अंकमा सकार गर्ने तपसिल बमोजिमको बोलपत्र मिति २०८०/०२/०३ गतेको मुल्याँकन समितिको निर्णयले स्वीकृतीका लागि छनौट गरी सिफारिस भईआएको हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ यो ७ दिने आशयको सूचना जारी गरिएको छ ।

| सि.नं. | बोलपत्रको नाम, थर र ठेगाना | आय शिर्षक | ठेक्का सकार अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १. | ईना श्रेष्ठ<br>डुमरिया (म.)-७, रौतहट | वडा नं. १ अन्तर्गतको Sewage Treatment Plant भित्र रहेको पोखरीहरु | रु.२५,६२,५००।-<br>(पचिस लाख बासठ्ठी हजार पाँच सय मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

कथा

# टेलिफोन म्यान



■ धनराज गिरी

"अंकल, टेलिफोनको बिल कति उठ्छ ?" छोरी सेवा भट्टराईको प्रश्न थियो है यो, यो प्रश्नभित्रको सौन्दर्य निस्सीम । छोरीको प्रश्न त्यसै आएको थिएन । एउटा कालखण्डमा "सुकरात गुरु र गोपी" अर्थात् बछौली, चितवन र सुकर्म टोल, ट्याङ्लाबीच लामो-लामो टेलिफोन वार्ता हुनेगर्थ्यो । यो केही थिएन, पवित्र आत्मीयता थियो सुकरातका पाइला र अनन्त पाइलाबीचको, उत्तर आधुनिक देवकीनन्दन र अर्जुनबीचको । त्यो कालखण्डमा, २०६१ देखि २०६९ सम्म, जगदीश घिमिरे दाजी, गोविन्द दाजु, नगेन्द्र दाजु र कमलमणि बाबासित मेरो बाक्लै टेलिफोन वार्ता हुन्थ्यो सघन वार्ता । यो हरफहरु २०८० साल जेठ १७ गतेको 'कदी' बाबाको नाममा मुहारपुस्तिकामा आएको 'एक साहित्यिक अनमोलमणि बाबा कमल मणि'कै निरन्तरता हो ।

'टेलिफोन म्यान' को स्नेहपदक पाएको थिएँ मैले । मेरो बाल्यकालदेखिकै बानी, आफन्तहरुसित सुखदुःख विनिमय गरिरहने, अझै कायम छ । एक दिनको कुरा मणिजीलाई बिहानै फोन गरेँ । हप्काइ पो खाएँ । "गिरीजी, केही काम छैन, फोन गर्नुहुन्छ । पैसाको माया लाग्दैन ? बिल बढी उठ्दैन ?"

धनराजीयन शैलीमा उत्तर गयो, "मणिजी, काम परेर फोन गर्नेहरु मतलबी हुन्, निहित स्वार्थ सिद्ध गर्न हो, केही न केही अभीष्ट हुन्छ । मैले त सम्झिएँ, फोन गरेँ । मेरो त काम नै सम्झिएपछि फोन गर्ने र रचना सुनाउने । रह्यो कुरा बिलको, 'बन्दा दिल देखता है बिल नही, जिस पलडे मे तुले मोहबत उसमे सोना नही तौलना' ।"

यसपछि भयो कमाल । मैले केही दिन फोन नगरे आफैं फोन गरेर उही शैली, "गिरीजी, फोन किन नगरेको नियास्रो लाग्दैन ?" यस्तो हुन थाल्यो नाता ।

२०६० साल माघ १४ गतेपछि खकुरेल पिताश्रीसित गफ हुँदै गयो । २०७२ सालको रामनवमिको दिन, अचानक मणिजीको फोन आयो कलंकीबाट, "धनराजजी, म देवघाट महेश्वर धाममा आउँदैछु ।" कुरा बुझिहालेँ । बिदाकै दिन थियो । झोलामा चितवनको केही साहित्यिक किताबहरु हालेर बाइकमा हुइकिएँ, समय अनुमान गरेर । बिद्धान शिव रिसालज्यू उहाँको सहयात्री, दुवै जना एउटा कोठामा । म आएको थाहा पाएर कल्पनातीत खुसी हुनुभयो । बाहिर बरण्डामा बसियो बाउछोरा, बाबा नै बोल्नुभयो, "धनराजजी, 'आए आँप गए झटारो !' भनेर मैले फोन गरेको हुँ, माल्दा नै आयो, हेर्नुहोस् चितवने 'बिन्दास गैँडा' मेरो पनि अब यो दुनियाँमा मनको भारी बिसाउने ठाउँ कति पो छ र ? तपाईं कुरा बुझ्नुहुन्छ । हुर्किएका छोराछोरीहरुको आफ्नै दुनियाँ हुन्छ । देवीजीको अवस्था थाहा पाउनु भएकै छ । मेरो आत्मीय आफन्तहरु भनेकै तपाईंहरुजस्तै भाषाप्रेमीहरु, शब्दप्रेमीहरु, लोभलालचबिहीन साधु सन्तहरु हो । गिरीजी, पहिले पहिले चितवनमा भनेपछि मेरो लागि 'नन्दन, विनोदी, आमोदी, केदारजी' हुनुहुन्थ्यो, अब पक्का जोगी यही 'धनराज गिरी' अबको मेरो चितवनको भरपर्दो आफन्त बिन्दास गैंडा । कत्ति पनि झिँझो नमानी मजस्तो बुढो मान्छेलाई भेट्न आउनुभयो, कुनै बहाना बनाउनुभएन, योभन्दा बढी एकजना आत्मीय आफन्तले के गर्न सक्छ । भन्नुहोस् गिरीजी, म तपाईंको लागि के गर्न सक्छु ?"

आम्मै, यो त आशुतोष महादेवप्रकट भएर "वरदान मागो पार्थ तुम्हे क्या चाहिये ?" भनेर पाशुपतास्त्र दिन खोजे जस्तो पो भयो । उहाँको अनुहारको चमक र जोर नयनमा झल्किएको स्नेहको सागर निस्सीम, शब्दातीत । के माग्ने ? के भन्ने ?

"मणिजी, मलाई नौरथाको दिन दुलाहा हुन मन छ भन्ने ? मलाई अमर न्यौपाने जस्तै हुन मन छ वा राजेन्द्र विमल गुरुदेवकै नयाँ संस्करण हुन मन छ भन्ने ?", मुस्कानका साथ उही धनराजीयन शैलीमा प्रकट भइयो, "मणिजी, 'इक मुसाफिरको दुनियाँ मे क्या चाहिये, सिर्फ थोडीसी दिल में जगह चाहिये' हजुरजस्तो पात्रले सम्झिन लायक भयो यो मेरो जिन्दगी, आज म तीनै लोकको विजेता भइसकेको छु, हजुरले नमागीकनै स्नेहामृत नामको कोहेनूर मेरो झोलीमा हालिदिनुभयो, अब अरु के मागौं ? मैले आज आफूलाई परमभाग्यशाली ठानेको छु ।"

यसपछि गुरुदेव डा. राजेन्द्र विमलज्यूले सुनाएको एक भारतीय किस्सा पस्किएँ, कहानी यस्तो भन्नुभएको थियो जनकपुरे रत्नले, "पण्डित राधाकृष्णन् भारतीय राष्ट्रपति भएपछि साहित्यकार 'मोहन राकेश' लाई राष्ट्रपति भवनमा बोलाएछन् र भनेछन्, "राकेशजी, मैं आपके लिये क्या कर सकता हूँ" तपाक उत्तर, "मुझपर इतना कृपा किजिये, बस् कोई कृपा मत किजिये ।" यो कहानी सुनेपछि मज्जाले हाँस्नुभयो । लगभग तीन घण्टा गफ गरेर म फर्किएँ । मन अति प्रशन्न हुन्छ, अझै पनि ती स्वर्णिम पलहरु सम्झिदा ।



> 'टेलिफोन म्यान'को स्नेहपदक पाएको थिएँ मैले । मेरो बाल्यकालदेखिकै बानी, आफन्तहरुसित सुख, दुःख विनिमय गरिरहने, अझै कायम छ । एक दिनको कुरा मणिजीलाई बिहानै फोन गरेँ । हप्काइ पो खाएँ । "गिरीजी, केही काम छैन, फोन गर्नुहुन्छ । पैसाको माया लाग्दैन ? बिल बढी उठ्दैन ?"

मेरो जीवनमा यस्ता पलहरु धेरै आए । २०७४ साल बैशाख २३ गते, "यति भइ पुग्छ" गजल संग्रह, जे सागरकृतको लोकार्पण कार्यक्रमले एउटी देवीसित मिलन गरायो, अम्लान फूलहरु, बार्दलीको जून, सपनाको समाधि, क्षितिज, अतीत र शबनमकी आमा, प्रिय फूल, कोपिलाकीदिदी, म बलराम पनि कृष्ण पनि, उनी मेरी सुभद्रा, केशवी, शान्ति शर्मा, उनलाई २०७५ साल फागुन ६ गते मैले, दोस्रो पटक औजीको मुलुकतिर उडान भर्नु अघि, भनेको थिएँ, "शान्ति, जीवनमा एउटा असल मान्छेसित परिचय भयो भने अरु ८-१० असल पात्र, पात्राहरु पनि अपरिचित नरहने सम्भावना हुन्छ । त्यो दिन शान्तिलाई मैले खकुरेल बा, शारदा शर्मा, नरहरि आचार्य र महेश्वर शर्मा पिताजी, अनि अलिखित दाजीको घरमैं पुऱ्याएको थिएँ । यो व्यापारिक विश्रामपछि म फेरि मूल समाचारतिरै फर्किन्छु । मणिजिसितको गाढा नाताले मलाई मूर्त अर्मूत्त धेरै लाभ भएको छ । "तपाईं उही चितवनको गैंडा होइन ?" अपरिचित भद्रसज्जनहरुले मलाई यसरी शाब्दिक अभिनन्दन गर्नुभएको छ । यो मेरो व्यक्तिगत आर्जन हो, अक्षयकोष हो । म पाका, पाका प्रेमीहरुको 'साझा प्रेमिका, धना' भएको छ ।

२०६८ साल माघ ६ गते मेरो उपन्यास अनन्त पाइलाले साहित्य संगमले प्रदान गर्ने पुरस्कार पायो । कार्यक्रम गाढा राता गौरवशाली दाजी मोदनाथ मरहट्ठा अध्यक्ष नै, बोलियो, "प्रचण्ड पथ होइन, गिरीपथमा" आउनुहोस् । मणिजीसित अनुमती मागेँ, "मणिजी, प्रचण्ड पथ वा गिरीपथ शीर्षकमा एउटा लेख लेख्ने मूडमा छु । हजुरको परमादेश ?"

"होइन, होइन, गिरीजी, तपाईं मेरो कुन्द र कनकभन्दा पनि कान्छो हुनुहुन्छ, उनीहरुको कुनै ठेगाना हुन्न । तपाईं, म रहे पनि नरहे पनि, यस धरतीमा लामो समयसम्म रहनुपर्छ । यो शाहस नभएर दुस्साहस बन्नसक्छ, कृपया नलेख्नुहोला । मनका सबै कुराहरु बजारमा पठाउनुपर्छ भन्ने छैन । आफैंसित राख्नुहोस् ।" यसरी एउटा सक्कली गुरुको सल्लाह दिनुहुन्थ्यो । साधिकार हप्काउनुहुन्थ्यो । ऊर्दू शब्दहरु सिकाउनुहुन्थ्यो । अभिभावक, गुरु र साथी बन्नुभयो । धेरै साहित्यिक कार्यक्रमहरुमा आउनुभयो, मैले बोलाउँदा । आज फेरि केदार शर्माजी, मदन पुरस्कार गुठी, खकुरेल बालाई सम्झिएर यो दोस्रो इपिसोड सकेँ । नमन मणि बाबा !

# हृदय पगाल्ने 'भगवान्'को कथा

पुस्तक-समीक्षा



■ श्याम रिमाल

डा. भगवान् कोइरालाले जीवनमा आर्थिक अभाव, राजनीतिक दबाब र मानसिक तनाव धेरै भोगेका छन् । यसलाई उनी त्यति महत्व दिँदैनन् जति उनी आफ्नो मेडिकल करिअरमा करिब १५ हजारलाई जीवन दिन पाएकामा गौरव गर्छन् । नेपालमा पहिलो पटक ओपन हार्ट सर्जरी प्रोगाम शुरु गर्ने शल्यचिकित्सक नै डा. कोइराला छन् । त्रिवि शिक्षण अस्पताल, महाराजगन्जमा २०५३ फागुन १६ गते नेपालीबाट नै भएको पहिलो ओपन हार्ट सर्जरी भएको थियो । ओपन हार्ट सर्जरीमा शल्यचिकित्सकले छातीमा ठूलो चिरा पारेर भित्रको पिँजडारूपी करङ खोली मुटुको शल्यक्रिया गर्छन् ।


यसमा बिरामी मुटुको भल्भ मर्मत वा फेर्ने, डोनोर (दाता) मुटु राख्ने, जन्मजात बिग्रेको मुटुलाई मिलाउने तथा लाइफ सेभिङ मेडिकल डिभाइस राख्ने काम हुन्छ । नेपालीहरू मात्रले गरेको त्यो पहिलो ओपनहार्ट सर्जरी थियो । त्यसपछि वीर अस्पताल, गङ्गालाल हृदय केन्द्र र मनमोहन कार्डियोथोरासिक सेन्टरमा पनि सुरु भई हालसम्म चलिरहेको छ । अमेरिका र क्यानडाका केही उत्कृष्ट अस्पताल र विश्वविद्यालयको तालिमपछि डा. कोइराला नेपालमा ओपन हार्ट सर्जरी गर्न सकिने आत्मविश्वास लिएर आएका थिए । यसले विदेशमा घुम्न, खान मात्र होइन त्यहाँ सिकेको ज्ञान नेपालमा लागु गर्न अन्य नेपालीलाई पनि प्रेरणा दिन्छ ।

युक्रेनको खार्किभ नेसनल मेडिकल इन्स्टिच्युटबाट स्नातक र बङ्गलादेशको ढाका युनिभर्सिटीको नेसनल इन्स्टिच्युट अफ कार्डियोभास्कुलर डिजिजबाट स्नातकोत्तर डा भगवान् कोइरालाले बेस्टेट मेडिकल सेन्टर, म्यासाचुसेट्स, अमेरिका र टोरन्टो युनिभर्सिटी हस्पिटल फर सिक चिल्ड्रेनमा कार्डियाक सर्जरीसम्बन्धी फेलोसिप तथा बङ्गलादेशबाट एमएस इन कार्डियोथोरासिक एन्ड भास्कुलर सर्जरी गरेका उनी निरन्तर ओपन हार्ट सर्जरी सुरु गर्ने प्रक्रियामा लागिरहेका छन् ।

नेपालको पहिलो मुटु अस्पताल सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र र त्रिवि शिक्षण अस्पताल महाराजगन्जको नेतृत्व गर्दै हाल मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरको कार्यकारी निर्देशक, नेपाल मेडिकल काउन्सीलका अध्यक्ष र इन्स्टिच्युट अफ मेडिसिन, कार्डियोथोरासिक एन्ड भास्कुलर सर्जरी विभाग प्रमुख डा. कोइराला र टोलीले गरेको प्रयत्नले नेपालले मुटु रोगको उपचारमा एउटा हैसियत प्राप्त गरेको छ । डा. कोइराला र उनका सहयोगी, सहकर्मी र हाकिमहरूको अहोरात्र योगदानले नै नेपालमा मुटुको स्तरीय सेवा सुरु भएको हो र विदेशबाट समेत सोको उपचारमा आउनु नेपालका लागि अति नै गौरवको विषय हो ।

भारतको एस्कर्टस तथा अन्य अस्पतालमा नेपाली बिरामीहरु उपचार गराउन जाँदा त्यहीँका डाक्टरले "यस्तो समस्याका लागि तपाईंहरु किन आएको ? गंङ्गालाल हृदय केन्द्रमै उपचार हुन्छ त" भनेर सम्झाउने गरेको पनि पाइयो । कतिपयले त भारतमा परीक्षण गराउँदा अपरेसन गर्नुपर्छ भन्ने जानकारी पाएपछि फर्किएर गङ्गालालमै अपरेसन गर्न आएको पनि हामीले पाएका थियौँ", कृतिमा लेखक नेपालको मुटु स्वास्थ्योपचारमा पाइएको विदेशीको समेत यस्तो प्रशंसा र समाजलाई केही न केही योगदान दिन पाएकोमा आत्मसन्तुष्टि व्यक्त गरेका छन् ।

जीवनमा केही गणना गर्न सकिने हिसाबले नै विभिन्न कुटाइ र अन्य संकट पार गरेका डा. कोइराला पढ्दा पढ्दै न्युरोको गम्भीर बिरामी हुनाका साथै भेइकलसम्बन्धी एक्सिडेन्टहरू पनि मजाले भोगे । ब्याडमिन्टन र गल्फ खेलाडी उनी केशकर्तन गर्न पनि सिपालु छन् । हेल्थ एसिस्टेन्टमा ब्याच टप भएर क्राइटेरिया पुगेर पनि बङ्गलादेशमा एमबिबिएस अध्ययन गर्न नपाएका उनले सोभियत संघमा पढ्न पाइएको अर्को अन्तर्वार्तामा भने ठाडठाडो जवाफ दिएर नाम निकाली छाडे ।




पाल्पाको मध्यमवर्गीय परिवारबाटै उठेका उनी कलेजका नियमित विद्यार्थी थिए र सकभर कुनै पनि क्लासको लेक्चर छुटाउँदैनथे । चालिस वर्षअघि नै ब्याच टप गरेर हेल्थ असिस्टेन्ट उत्तीर्ण गरी काठमाडौंस्थित इन्द्रायणी हेल्थ पोस्टमा इन्चार्ज र तीस वर्षअघिदेखि त्रिवि शिक्षण अस्पतालमा हाउस अफिसरबाट जीवनवृत्ति शुरु गरी व्यवस्थापनको जिम्मेवारी लिएका व्यस्त चिकित्सक डा. कोइराला आफूले जानेको विषयमा कनिष्ठहरूलाई हस्तान्तरण गर्न अति नै इच्छुक छन् । कुनै राजनीतिक वाद र दलमा नलागी सबै राजनीतिक व्यक्तिहरूसँग उनको राम्रो सम्बन्ध छ ।

सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र स्थापना र सञ्चालन, मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टर स्थापना र सञ्चालन, नागरिक अस्पताल र अर्गान ट्रान्सप्लान्ट सेन्टर सञ्चालनमा सहयोग, ग्रामीण एवम् दुर्गम क्षेत्रमा स्थानीय संघसंस्थाका सहकार्यमा दर्जनौँ स्वास्थ्य शिविरमा उनले दशौँ हजार बिरामीलाई मुटुको विशेषज्ञ सेवा दिइसकेका छन् । नसर्ने रोग र सुर्तीजन्य वस्तुको नियन्त्रणबारे राष्ट्रिय स्वास्थ्य नीतिमा समावेश गर्न, स्वास्थ्य सेवामा विकेन्द्रीकरण गर्न, राष्ट्रिय स्वास्थ्य नीति निर्माणमा सहयोग, गरिबहरुलाई मुटुको भल्भ निःशुल्क उपलब्ध गराउन तथा १५ वर्षभन्दा कम र ७५ वर्षभन्दा बढी उमेरकालाई मुटुसम्बन्धी शल्यक्रियालगायतमा सम्पूर्ण उपचार निःशुल्क गराउन उनले योगदान दिएका छन् । गङ्गालाल अस्पतालको व्यवस्थापन राम्रो गरेका आधारमा जनप्रशासन संघ नेपालले 'हेमबहादुर मल्ल सम्मान' र व्यवस्थापन संघ नेपालले म्यानेजर अफ द इयर' उपाधि पनि उनलाई प्राप्त भएको छ ।

